# ६ वर्षदेखि ओछ्यानमा, शरीर सुकेर दाउराजस्तो

खोटाङ टुडे संवाददाता

पाथेका/खोटाङको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१० पाथेका (डाँडागाउँ)का मिलन गिरी २४ वर्षका भए। हाल उच्च शिक्षा अध्ययन गरिरहेको वा कुनै न कुनै पेशा व्यावसाय अंगाल्नु पर्ने उमेरमा उनी हल न चल भएर ओछ्यानमा लड्न बाध्य छन्। १५ वर्षअघि रुखबाट लडेको चोटका कारण आफै ओल्टोकोल्टो समेत गर्न नसक्ने अवस्थामा छन् मिलन। झट्ट अनुहार हेर्दा स्वस्थजस्तो देखिए पनि घाँटीमुनिका अंग सुकेर दाउरा जस्तो बनेको छ।



लडेर मेरुदण्ड भाँचिएका मिलन गिरीको स्याहार सुसार गर्दै बहिनी मञ्जिता। तस्विर : खोटाङ टुडे

मिलन बाल्यकालमा मावली घर ऐसेलुखर्क गाउँपालिका-५ महेश्वरीमा बस्थे। कक्षा २ मा अध्ययनरत रहेको बेला उनी २०६२/०६३ मा दुधिलोको घाँस काट्न रुखमा चढेको अवस्थामा लडेर जमिनमा बजारिन पुगे। जमिनमा बजारिँदा मिलनको कम्मरमुनिको भाग चल्न छाड्यो। ठमठम कुद्दै घाँस काट्न गएका मिलन यता उता सर्न पनि घस्रनुपर्ने अवस्थामा घर फर्किए। उनी उभिन सक्दैनथे। कमजोर आर्थिक अवस्थाका कारण उनलाई स्वास्थ्य संस्थामा उपचारमा लगिएन। वरु धामी झाँक्री लगाइए, झारफुक गरिए। तर मिलनको मेरुदण्ड निको हुनुको सट्टा झन कमजोर बन्दै गयो। घस्रेरै दिसापिसाव गर्नेगरेका मिलनलाई मावलीबाट २०६५ सालमा घरमा लगिए।

घरमा पनि मिलन आफै घस्रेर शौचालय जाने आउने गर्थे। पिंढीमा बसेर आफैले लेखेको कविता बाचन गरेर छिमेकीलाई सुनाउँथे। उनको कविता सुनेर कतिपय आफन्त रुन्थे। तर २०७२ सालपछि भने उनी ओछ्यानबाट उठ्न सकेका छैनन्। शरीर सुकेर निलो भएको देखिन्छ। दिसापिसाव समेत ओछ्यानमै गर्न वाध्य छन्। उनको दुबै खुट्टा र दाहिने हात खुम्चिएको छ। खुम्भिएको हात खुट्टा तन्किँदैन। देब्रे हात मात्र सामान्य चलाउन सक्छन्। उनले त्यही देब्रो हातले सुतीसुती खाना खाने गरेका छन्। मोबाईल चलाउने गरेका छन्। उनलाई माईली आमातर्फका बहिनी मञ्जिता गिरीले हेरचाह गर्नेगरेकी छन्। कक्षा ९ मा अध्ययनरत १६ वर्षकी मञ्जिता घर व्यवहार सम्हाल्नुपर्ने भएका कारण अधिकांश कक्षा छुटाउन वाध्य छिन्।

बुवा जीतबहादुर गिरी मिस्त्रीका काम गर्छन्। आमा नरमायाँको २०६५ सालतिरै मृत्यु भइसकेको छ। नरमायाँको पनि शरीर नचल्ने समस्या देखिएको केही समयपछि मृत्यु भएको स्थानीय बताउँछन्। मिलनलाई शुभेच्छुकले टिभी किनेर राखिदिएका छन्। उनले त्यही टिभि हेरेर समय कटाउने गरेका छन्। लामो समयदेखि ओछ्यानमा थला परेका मिलनले २ वर्षअघिदेखि मात्र अपांगता वापतको सामाजिक सुरक्षाभत्ता पाउन थालेको स्थानीय इन्द्रबहादर गिरी बताउँछन्। उनलाई (क) वर्गको अपांगताको परिचय-पत्र प्रदान गरिएको छ।


## रावावेशी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय
### हरमटार कुभिण्डे, खोटाङ
### प्रदेश नं. १, नेपाल

### करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७८/११/२५ गते)**

यस रावा बेसी गाउँपालिकाको लागि ५ शैयाको अस्पताल सञ्चालन गर्न तीन महिनाको लागि तपशिल बमोजिमको स्वास्थ्य कर्मचारीहरु करारसेवामा लिनु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपालि नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिन्छ।

तपसिल **आवश्यक पदहरु :**

| क्र. स. | विज्ञापन नं. | पद /तह/श्रेणि | तह | शैक्षिक योग्यता | पद संख्या | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | ०७/२०७८/०७९ | एम. बि. बि . एस. मेडिकल अधिकृत | अधिकृतस्तर आठौ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम. बि. बि. एस कोर्ष उत्तिर्ण गरी NMC दर्ता भएको | १ (एक) | १५००।- |

२. सेवा किसिम अस्थायी करार सेवा
३. दरखास्त साथ संलग्न हुनुपर्ने कागजातहरु
- गाउँपालिका बाट हुने ढाचाँको आवेदन फारम उक्त फारम गाउँपालिकाको वेबसाईट www.rawabesimun.go.np बाट प्राप्त गर्न सकिने छ।
- शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि
- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
- सम्बन्धित परिषदमा नाम दर्ता तथा नविकरण भएको प्रमाणित प्रतिलिपि
- तालिम तथा अनुभव प्रमाणित प्रतिलिपि
४. उमेर हद
-एम बि बि एस पदको हकमा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
५. तलब भता तथा अन्य सेवा सुविधाहरु
गाउँपालिका र उम्मेदवारको आपसी सहमति अनुसार तलब भता उपलब्ध गराइनेछ।
६. परीक्षा दस्तुर बुझाउने प्रक्रिया
- राष्ट्रिय वाणिज्य बैंक लिमिटेट शाखामा रहेके रावा बेसी गाउँपालिका आन्तरिक राजश्व खाता नं. हि. नं. २०६०१००३०१०१०००७ मा जम्मा गरी उक्त भौचर दरखास्त फारम साथ पेश गर्नुपर्नेछ।
७. परीक्षा छनौट विधि आवश्यक अनुसार।
८. दरखास्त फारम बुझाउने स्थानरावा बेसी गाउँपालिकाको कार्यालय प्रशासन शाखामा बुझाउनु पर्नेछ अथवा यस रावा बेसी गाउँपालिको ईमेल ठेगाना rawabesigaupalika@gmail.com मार्फत समेत आवश्यक कागजातहरु पि डी एफ बनाई मर्ज गरी आवेदन साथ ईमेल गर्न किने छ।
९. परीक्षा सम्बन्धित जानकारी पछि प्रकाशन गरिनेछ।
१०. थप जनकारीको लागि ९८५२८५८१११ र ९८१७७०७९७६ वा www.rawabesimun.gov.np मा सम्पर्क गर्नुहोला।
११. आवेदन स्विकृतअस्वकृत तथा विज्ञापन रद्ध गर्ने अधिकार गाउँपालिकामा निहित रहेने छ।
**नोटः** दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजिक विदा पर्न गएमा कार्यालय खुलेको महिलो दिनको कार्यालय समय भित्र दरखास्त पेश गर्नु पर्नेछ।

**प्रमुख प्रशासकीय अधिकृत**



## केपीलासगढी गाउँपालिकाको लेकाली जंगलमा पाइने दुर्लभ रेडपाण्डा संरक्षण गरौं।

**केपीलासगढी गाउँपालिकाको कार्यालय बाक्सिला, खोटाङ**



## विकास सबैको साझा हो। त्यसैले विकासमा सबैको सहभागिता जनाऔं।

**ऐसेलुखर्क गाउँपालिकाको कार्यालय ऐसेलुखर्क, खोटाङ**